# चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम) ०८८-४४११४६,९८५७८२६१११
कर्णाली प्रदेश, नेपाल ito.chaurjaharimun@gmail.com


प.स.:- २०८०/०८१ मितिः-२०८१/०१/२५
च.न.:- १६११

विषयः- राष्ट्रिय परिचयपत्र नम्बर ( NIN) सहितको जन्मदर्ताको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा।

श्री वडा कार्यालयहरु (सबै)
चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)।

उपर्युक्त विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ३८४, मिति २०८१/०१/२३ गतेको राष्ट्रिय परिचयपत्र नम्बर ( NIN) सहितको जन्मदर्ताको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा लेखिएको पत्र यसैसाथ संलग्न गरी पठाईएको छ। सोही पत्रबाट उक्त व्यहोरा अवगत गरी सोही अनुसार गर्न गराउनु हुन अनुरोध छ।

२०८१/०१/२५

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८१४, ४२००८१५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८०।८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३८४

मिति २०८१।०१।२३
ने.सं.११४४ चौलागा, १२ आईतवार

चौरजहारी नगरपालिका
दर्ता नं. १२५८
मिति: २०८१।०१।२५

**बिषयः राष्ट्रिय परिचयपत्र नम्बर (NIN) सहितको जन्म दर्ताको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा।**

श्री स्थानीय पञ्जीकाधिकारी, सबै।

यस विभागको च.नं.३५१ मिति २०८०/११/२७ को पत्रबाट राष्ट्रिय परिचय नम्बर (NIN) सहितको जन्म दर्ताको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा परिपत्र गरिएको व्यहोरा विदितै छ। सो बमोजिम नेपाली नागरिकको १६ वर्ष भन्दा कम उमेरका सन्तानको जन्म दर्ता प्रमाणपत्र वा प्रतिलिपि जारी गर्ने क्रममा कतिपय सन्दर्भमा राष्ट्रिय परिचय नम्बर (NIN) जारी हुन नसकेको समस्या जानकारी हुन आएको छ। प्रणालीबाट स्वतः राष्ट्रिय परिचय नम्बर (NIN) जारी हुन प्रणालीमा प्रविष्ट हुने विवरणको गुणस्तरीयता, एकरुपता तथा शुद्धता कायम गर्नु पर्ने भएकोले जन्म दर्ता गरिने व्यक्तिको बुबा, आमा तथा सूचकको नागरिकता लगायतको विवरणहरु देहाय बमोजिम प्रविष्ट गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।
देहायः

१. नागरिकता प्रमाणपत्र नम्बर प्रविष्ट गर्दा Space प्रयोग नगर्ने, नम्बरमा भएका - अथवा / संकेतहरु मात्र प्रयोग गर्ने,
   जस्तैः ना.प्र.नं. २७-०१/७१(०७१११) भएमा २७-०१/७१०७१११ प्रविष्ट गर्ने
२. व्यक्तिको नाममा ( ), . , " ", ', { }, [ ] जस्ता Character तथा Double space प्रविष्ट नगर्ने,
   जस्तैः व्यक्तिको नाम कुमार प्रसाद दाहाल (उपाध्याय) भएमा कुमार प्रसाद दाहाल उपध्याय प्रविष्ट गर्ने
३. गाउँ, टोल, जन्मस्थान जस्ता Free Writing गर्नु पर्ने महलमा विवरण प्रविष्ट गर्दा बढिमा ४० Character प्रविष्ट गर्ने, जस्तैः काठमाडौं महानगरपालिका, वडा नं.३२ महादेवस्थान, कोटेश्वर भएभा कोटेश्वर-३२, काठमाडौं प्रविष्ट गर्ने,
४. प्राविधिक कारणले जन्मदर्ता प्रमाणपत्रमा राष्ट्रिय परिचय नम्बर प्राप्त नभएमा पुनः छाप्नुहोस Icon (Print Icon) मा Click गर्ने, त्यसो गर्दा पनि प्राप्त नभएभा VERSP-MIS को Viber ग्रुपमा १३ अंकको नम्बर सहित जानकारी गराउने,
५. लाईभ प्रणालीमा परीक्षणको लागि झुठा विवरण प्रविष्ट नगर्ने, घटना दर्ता गर्ने व्यक्तिको विवरण एकिन गरेर मात्र प्रविष्ट गर्ने,
६. १६ वर्षभन्दा कम उमेरका नेपाली नागरिकका सन्तानको राष्ट्रिय परिचय नम्बर सहितको जन्म दर्ता प्रमाणपत्र जारी गर्दा बाबु आमाको राष्ट्रिय परिचय नम्बर (NIN) अनिवार्य गरिएको छैन, भएमा प्रविष्ट गर्ने।

(मनि कुमार तामाङ्ग)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग।
श्री सूचना प्रविधि शाखा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग।